# फाकफोकथुम गाउँपालिका गाउँकार्यपालिकाको बैठक

आ.व. २०८१/८२ को बैठक संख्या ९

मिति: २०८१/०९/१७

फाकफोकथुम गाउँपालिका गाउँकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को दफा १० बमोजिम गाउँ कार्यपालिकाका अध्यक्ष श्री दिपेन्द्र खनालज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसि देहाय अनुसार निर्णयहरु गरियो।

तपसिल:

| सि.नं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री दिपेन्द्र खनाल | |
| २. | उपाध्यक्ष | श्री कल्पना राई | |
| ३. | वडाध्यक्ष | श्री कर्ण बहादुर लिम्बू | |
| ४. | वडाध्यक्ष | श्री याम बहादुर खत्री पौडेल | |
| ५. | वडाध्यक्ष | श्री दिपेन्द्र लिम्बु | |
| ६. | वडाध्यक्ष | श्री पदम बहादुर दर्लामी | |
| ७. | वडाध्यक्ष | श्री सिद्धमान आले | |
| ८. | वडाध्यक्ष | श्री टंक नाथ खनाल | |
| ९. | वडाध्यक्ष | श्री छत्र बहादुर लिम्बु | |
| १०. | सदस्य | श्री कविता राई | |
| ११. | सदस्य | श्री डम्बर कुमारी बलम्पाकी मगर | |
| १२. | सदस्य | श्री देवी माया लामिछाने | |
| १३. | सदस्य | श्री चन्द्र कुमारी श्रेष्ठ | |
| १४. | सदस्य | श्री छत्र बहादुर बराईली | |
| १५. | सदस्य | श्री रिता दर्जी | |
| १६. | सचिव | श्री निर्मल तुम्रोक | |

CamScanner

प्रस्ताव पेश गर्ने स्वीकृत मिति: २०८१/०९/१६

प्रस्तावहरु:

१. अघिल्लो कार्यपालिका निर्णयको समिक्षा सम्बन्धमा।

२. स्वास्थ्य शिविर सञ्चालन सम्बन्धमा।

३. मावि र निमावि अनुदान शिक्षक नियुक्ति सम्बन्धमा।

४. गाउँ शिक्षा योजना निर्माण समिति।

५. देउमाई जलविद्युत सम्बन्धमा। गुनासो सुनुवाई समिति गठन सम्बन्धमा।

६. गुनासो सुनुवाई समिति गठन सम्बन्धमा।

७. खानेपानी ठेक्काको नपुग पाइप सम्बन्धमा।

८. खानेपानी ठेक्का रकम भुक्तानी सम्बन्धमा।

९. कृषि विकास क्षेत्रमा वितरित अनुदानको प्रयोगको अनुगमन सम्बन्धमा।

१०. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान सम्बन्धमा।

११. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण स्थायी स्टेशन माग सम्बन्धमा।

१२. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण शिविर सञ्चालन सम्बन्धमा।

१३. विपद् व्यवस्थापनमा भएको खर्चको भुक्तानी गर्ने सम्बन्धमा।

निर्णयहरु:

| | |
|---|---|
| प्रस्ताव नं.१ | अघिल्लो कार्यपालिका निर्णयको समिक्षा सम्बन्धमा। |
| निर्णय नं.१ | उक्त प्रस्ताव माथि छलफल गर्दा अघिल्लो बैठकको समीक्षा गरियो । |
| प्रस्ताव नं.२ | स्वास्थ्य शिविर सञ्चालन सम्बन्धमा। |
| निर्णय नं.२ | उक्त प्रस्ताव माथि छलफल गर्दा चैत १ र २ गते मुटु रोग, किड्नी, बालरोग १० वर्ष मुनिको बालबालिकाको उपचार, नाक, कान घाँटीको परीक्षण सम्बन्धी स्वास्थ्य शिविर सञ्चालनका लागि सबै वडा कार्यालयहरुले तयारी अघि बढाउने र त्यसका लागि विपन्नका लागि स्वास्थ्य नेपाललाई अनुरोध गर्ने निर्णय गरियो । |
| प्रस्ताव नं.३ | अंग्रेजी, गणित र विज्ञान विषयको मावि र निमावि अनुदान करार शिक्षक नियुक्ति सम्बन्धमा। |
| निर्णय नं.३ | उक्त प्रस्ताव माथि छलफल गर्दा ३ पटक सम्म विज्ञापन खोल्दा समेत अध्यापन अनुमति पत्र लाइसेन्स प्राप्त उम्मेदवारको निवेदन नपरेमा लाइसेन्स नभएको विषयगत शैक्षिक योग्यता प्राप्त गरेको उम्मेदवारलाई पनि प्रकिया पुरा गरी करार शिक्षक नियुक्ति गर्ने निर्णय गरियो । |
| प्रस्ताव नं.४ | फाकफोकथुम गाउँ शिक्षा योजना निर्माण समिति सम्बन्धमा। |
| निर्णय नं.४ | उक्त प्रस्ताव माथि छलफल गर्दा गाउँ शिक्षा योजना मुल्याङ्कन समिति, मस्यौदा निर्माण |

| | |
|---|---|
| | समिति र सल्लाहकार समिति देहाय अनुसार गठन गर्ने निर्णय गरियो ।<br>**<u>मुल्याङ्कन समितिमा</u>**<br>क. संयोजक- दिपेन्द्र खनाल<br>ख. सदस्य - कल्पना राई<br>ग. सदस्य - निर्मल तुम्बोक<br>घ. सदस्य - तीर्थराज मिश्र<br>ङ. सदस्य - सिद्धमान आले<br>**<u>गाउँ शिक्षा योजना मस्यौदा निर्माण समिति</u>**<br>१. सिद्धमान आले — संयोजक<br>२. खगेन्द्र प्रसाद भट्टराई — सदस्य<br>३. जगत सुब्बा — सदस्य<br>४. भीम चम्लागाई — सदस्य<br>५. मोतीश्वर पोखरेल — सदस्य<br>६. कमला थपलिया — सदस्य<br>७. टङ्कनाथ रेग्मी — सदस्य<br>८. तेज प्रसाद सुवेदी — सदस्य<br>९. टिका कट्टेल — सदस्य<br>१०. विमला राई — सदस्य<br>११. मखानसिंह लिम्बु — सदस्य<br>१२. प्रदिप आचार्य — सदस्य<br>१३. विकास राई — सदस्य<br>१४. लीलाराज कोइराला — सदस्य<br>१५. मताप सिंह लिम्बू — सदस्य सचिव<br>**<u>गाउँ शिक्षा योजना निर्माण सल्लाहकार समिति</u>**<br>१. डा. बालचन्द्र लुईंटेल<br>२. डिल्ली राम लुईटेल<br>३. राम पाण्डे<br>४. कमल रेग्मी<br>५. गोविन्द फियाक |
| **प्रस्ताव नं.५** | **देउमाई जलविद्युत सम्बन्धमा।** |
| **निर्णय नं.५** | उक्त प्रस्ताव माथि छलफल गर्दा अप्पर देउमाई जलविद्युत आयोजनाले देउमाई लघु जलविद्युत योजना खरिद गरिदिनुपर्ने, जट्टेश्वरको सडक बनाईदिनु पर्ने, ६ नं को कमेरेदेखि वडा कार्यालयसम्म सडक बनाइदिने, जलविद्युत आयोजनाका कारण बिग्रिएका सिंचाई आयोजनाहरुको मर्मत सम्भार देउमाई खोला साना जलविद्युत आयोजनाले गरिदिने भनि मिति २०८१ साल पौष १० गते बुधबारका दिन फाकफोकथुम गाउँपालिकाका अध्यक्ष श्री दिपेन्द्र खनाल, वडा नं. ७ र वडा नं. ६ का वडाध्यक्षहरु र देउमाई खोला साना जलविद्युत आयोजना प्रमुख श्री राम सरण नेपालको उपस्थितिमा भएको निर्णय गाउँपालिकाबाट कडाईका साथ |

| | |
|---|---|
| | कार्यान्वयन गर्ने निर्णय गरियो । |
| प्रस्ताव नं.६ | गुनासो सुनुवाई समिति गठन सम्बन्धमा। |
| निर्णय नं.६ | उक्त प्रस्ताव माथि छलफल गर्दा गुनासो सुनुवाई समिति गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण निर्देशिका, २०७५ को दफा १३ बमोजिम जारी गरिएको गुनासो सुनुवाई मार्गदर्शन, २०७८ बमोजिम देहाय अनुसार गठन गर्ने निर्णय गरियो ।<br>देहाय:<br>१. संयोजक, उपाध्यक्ष कल्पना राई<br>२. सदस्य, प्रमुख प्रशासकीय अधिकृत निर्मल तुम्बोक<br>३. सदस्य, कार्यपालिकाको महिला सदस्य देवीमाया लामिछाने<br>४. सदस्य सचिव गुनासो सुनुवाई अधिकारी सुवासचन्द्र भण्डारी |
| प्रस्ताव नं.७ | खानेपानी ठेक्काको नपुग पाइप सम्बन्धमा। |
| निर्णय नं.७ | उक्त प्रस्ताव माथि छलफल गर्दा खानेपानी सम्बन्धी ठेक्का नं. PRM/ILAM/WORKS/SQ/09/080-081 को मुगे खोला सिस्ने खोला लोखुम्बा नसुवा गौडे दोभान खानेपानी आयोजना फेज ॥ अन्तर्गत खानेपानी पाइप ५० मिमिको २६०० मिटर नपुगेको प्राविधिक रिपोर्ट आएकोले वडा नं. ३ को वडाध्यक्ष श्री दिपेन्द्र लिम्बूको संयोजकत्वमा इन्जिनियर र खापासटेको समिति गठन गर्ने र स्थलगत प्रतिवेदन प्राप्त भए पछि थप प्रकृया अगाडी बढाउने निर्णय गरियो। |
| प्रस्ताव नं.८ | खानेपानी ठेक्का रकम भुक्तानी सम्बन्धमा। |
| निर्णय नं. ८ | उक्त प्रस्ताव माथि छलफल गर्दा गत आ.व.२०८०-८१ को सङ्घीय सरकारको विशेष अनुदान अन्तर्गत खानेपानी सम्बन्धी ठेक्का नं. PRM/ILAM/WORKS/SQ/09/080-081 को मुगे खोला सिस्ने खोला लोखुम्बा नसुवा गौडे दोभान खानेपानी आयोजना फेज ॥ मिति २०८१/०४/०८ गते चोलुङ कन्स्ट्रक्सनसँग सम्झौता भइ कार्य सम्पन्न भएकोमा सम्झौता बमोजिमको रकम रु. १३,५८,५४९.१३ (अक्षरेपी तेह लाख अन्ठाउन्न हजार पाँच सय उन्चास पैसा तेह) दायित्व सिर्जना भइ आएकोले चालु आ.व. २०८१-८२ मा सोही शिर्षकमा विनियोजन भएको सङ्घीय सरकारको विशेष अनुदानबाट भुक्तानी गर्ने निर्णय गरियो। साथै चालु आ.व. २०८१-८२ मा विशेष अनुदान अन्तर्गत प्राप्त भएको उक्त आयोजनाको फेज ॥। स्वीकृत डिपिआर बमोजिम कार्य सम्पन्न हुने गरी ठेक्का खोल्ने निर्णय पारित गरियो। |
| प्रस्ताव नं.९ | कृषि विकास क्षेत्रमा वितरित अनुदानको प्रयोगको अनुगमन सम्बन्धमा। |
| निर्णय नं. ९ | उक्त प्रस्ताव माथि छलफल गर्दा गत विगत आ.व. हरुमा कृषि विकास क्षेत्रमा गाउँपालिकाबाट अनुदानमा वितरण गरिएको Plastic tunnel र Minitiller को प्रयोगको अवस्था अनुगमन गर्न आर्थिक विकास समितिको संयोजक श्री याम बहादुर खत्री पौडेल को संयोजकत्वमा, सम्बन्धित वडा अध्यक्ष, कृषि शाखा प्रमुख अनिता बनमाला र बसंन्त भट्टराई सदस्य रहने अनुगमन समिति गठन गर्ने निर्णय पारित गरियो। |
| प्रस्ताव नं.१० | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान सम्बन्धमा। |

| | |
|---|---|
| निर्णय नं.१० | उक्त प्रस्ताव माथि छलफल गर्दा तपसिल बमोजिम विद्यालयहरुलाई देहाय बमोजिमको अनुदान उपलब्ध गराउने निर्णय गरियो।<br>१. विष्णु मावि फाकफोकथुम-४,    पुस्तकालय व्यवस्थापन    ६ लाख ५० हजार<br>२. जनकल्याण मावि फाकफोकथुम-७,  पुस्तकालय व्यवस्थापन    ६ लाख ५० हजार<br>फलाँटे मावि फाकफोकथुम – ६,   पुस्तकालय व्यवस्थापन    ६ लाख ५० हजार |
| प्रस्ताव नं.११ | **राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण स्थायी स्टेशन माग सम्बन्धमा।** |
| निर्णय नं.११ | उक्त प्रस्ताव माथि छलफल गर्दा इलाका प्रशासन कार्यालय मंगलबारेमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण सम्बन्धी सम्पूर्ण सेवा दिने गरि स्थायी स्टेशन स्थापनाको लागि नेपाल सरकार गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागलाई अनुरोध गर्ने निर्णय गरियो। |
| प्रस्ताव नं.१२ | **राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण शिविर सञ्चालन सम्बन्धमा।** |
| निर्णयः नं.१२ | उक्त प्रस्ताव माथि छलफल गर्दा यहि मिति २०८१ साल माघ १ गते देखि सामाजिक सुरक्षा प्राप्त गरिरहनु भएका लाभग्राहीहरुले राष्ट्रिय परिचयपत्र अनिवार्य लागु गर्नुपर्ने नेपाल सरकारको निर्णय भएको र यस गाउँपालिकामा यस अघि दर्ता भएको वितरण बाकी रहेको तथा सामाजिक सुरक्षा प्राप्त गरिरहेको धेरैजना लाभग्राहीहरुले राष्ट्रिय परिचयपत्र दर्ता गर्न बाकी रहेकोले सामाजिक सुरक्षा वितरण गर्न समस्या भइरहेकोले माघ भित्रमा यस गाउँपालिकाका राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण शिविर सञ्चालन गरिदिन जिल्ला प्रशासन कार्यालय इलाम मार्फत अनुरोध गर्ने निर्णय गरियो। |
| प्रस्ताव नं१३ | **विपद् व्यवस्थापनमा भएको खर्चको भुक्तानी गर्ने सम्बन्धमा।** |
| निर्णय नं.१३ | उक्त प्रस्ताव माथि छलफल गर्दा गत असार साउन भदौको वर्षा र असोज ९ देखि १२ गतेसम्म परेको अविरल बर्षाका कारण धेरै ठाउँमा पहिरो गइ सडकहरु पुरिएको भत्किएको, कुलो सिंचाइ तथा बाटोघाटो अवरुद्ध भएकोमा तत्काल स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम अवरुद्ध मुख्य सडक लगायतका संरचना संचालनका लागि गरिएको सडक सरसफाइ र पहिरो व्यवस्थापनको कार्यमा भएको खर्च लागत इस्टिमेट र कार्यसम्पन्न प्रतिवेदनको आधारमा विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो।<br><u>पहिरो व्यवस्थापन र सरसफाइ गरिएका सडकहरु:</u><br>१. पञ्चमी मझुवा खाम्बाङ सडक वडा नं. १<br>२. दशमी कुवापानी शंकरचोक चेम्जोङ गाउँ सडक, वडा नं. १<br>३. पुरानो पञ्चमी खाम्बाङ सामुदायिक भवन हुदै २ नं. जाने बाटो, वडा नं. १<br>४. फलाँटे चुहानडाँडा खाम्बाङ सडक वडा नं. २<br>५. उत्तरे आमचोक वडा नं.३<br>६. आमचोक लोखुम्बा सडक वडा नं.३<br>७. वडा कार्यालय दशमी आङचेरेङ घाट वडा नं. ४<br>८. लुम्दे मुल सडक जालपा कैजले गापा सडक वडा नं. ५<br>९. फलाटे तिलपुङ मनकामना रिगालो गाउँ सिनचुरी डाँडा सुब्बा गाउँ सडक वडा नं.६<br>सिङलाबु दोकानडाँडा सिकारी भञ्ज्याङ सडक, वडा नं. ७ |

# फाकफोकथुम गाउँपालिका गाउँकार्यपालिकाको बैठक

आ.व. २०८१/८२ को बैठक संख्याः १०

मितिः २०८१/०९/२८

फाकफोकथुम गाउँपालिका गाउँकार्यपालिकाको बैठक सञ्चालन कार्यविधि, २०७४ को दफा १० बमोजिम गाउँ कार्यपालिकाका अध्यक्ष श्री दिपेन्द्र खनालज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसि देहाय अनुसार निर्णयहरु गरियो।

तपसिलः

| सि.नं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री दिपेन्द्र खनाल | |
| २. | उपाध्यक्ष | श्री कल्पना राई | |
| ३. | वडाध्यक्ष | श्री कर्ण बहादुर लिम्बू | |
| ४. | वडाध्यक्ष | श्री याम बहादुर खत्री पौडेल | |
| ५. | वडाध्यक्ष | श्री दिपेन्द्र लिम्बु | |
| ६. | वडाध्यक्ष | श्री पदम बहादुर दर्लामी | |
| ७. | वडाध्यक्ष | श्री सिद्धमान आले | |
| ८. | वडाध्यक्ष | श्री टंक नाथ खनाल | |
| ९. | वडाध्यक्ष | श्री छत्र बहादुर लिम्बु | |
| १०. | सदस्य | श्री कविता राई | |
| ११. | सदस्य | श्री डम्बर कुमारी बलम्पाकी मगर | |
| १२. | सदस्य | श्री देवी माया लामिछाने | |
| १३. | सदस्य | श्री चन्द्र कुमारी श्रेष्ठ | |
| १४. | सदस्य | श्री छत्र बहादुर बराईली | |
| १५. | सदस्य | श्री रिता दर्जी | Rita |
| १६. | सचिव | श्री निर्मल तुम्रोक | |

CamScanner

प्रस्ताव पेश गर्ने स्वीकृत मिति: २०८१/०९/२७

प्रस्तावहरु:

१. अघिल्लो कार्यपालिका निर्णयको समिक्षा सम्बन्धमा।

२. सूचना प्रविधि अधिकृतको राजिनामा स्वीकृत र करार पदपुर्ति सम्बन्धमा।

३. गाउँपालिकाको लोगो निर्माण सम्बन्धमा।

४. सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन सम्बन्धमा।

५. करार पदपुर्ति सम्बन्धमा।

६. मध्यकालिन खर्च संरचना निर्माण सम्बन्धमा।

७. संघीय समपुरक र विशेष अनुदानको लागि योजना छनौट र सिफारिस सम्बन्धमा।

८. प्रदेश समपुरक र विशेष अनुदानको लागि योजना छनौट र सिफारिस सम्बन्धमा।

९. ट्राक्टर चालक सम्बन्धमा।

१०. वडागत रुपमा योजना सम्झौता शिविर सञ्चालन सम्बन्धमा।

११. खानेपानी आयोजना सम्पन्न गर्न आवश्यक पाइप खरिद सम्बन्धमा।

१२. मेन्टर शिक्षकहरुको खर्च प्रस्ताव स्वीकृत सम्बन्धमा।

१३. कार्यपालिका सदस्य चन्द्र कुमारी श्रेष्ठको सेवा सुविधा सम्बन्धमा।

१४. शुक्रबारे बजारको नाली व्यवस्थापन सम्बन्धमा।

१५. फाकफोकथुम स्काउट सहभागि सम्बन्धमा।

निर्णयहरु:

| | |
|---|---|
| प्रस्ताव नं.१ | अघिल्लो कार्यपालिका निर्णयको समिक्षा सम्बन्धमा। |
| निर्णय नं.१ | उक्त प्रस्ताव माथि छलफल गर्दा अघिल्लो बैठकको समीक्षा गरियो । |
| प्रस्ताव नं.२ | सूचना प्रविधि अधिकृतको राजिनामा स्वीकृत र करार पदपुर्ति सम्बन्धमा। |
| निर्णय नं.२ | गाउँपालिकामा कार्यारत सूचना प्रविधि अधिकृत श्री नारायण थापा मगरले आफ्नो व्यवहारिक कारण देखाई उक्त पदबाट राजिनामा दिएकोले उक्त राजिनामालाई स्वीकृत गर्ने र प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम, कार्यक्रम समन्वय इकाईसँग समन्वय गरी करार पदपुर्तिको लागि विज्ञापन गर्ने निर्णय गरियो। |
| प्रस्ताव नं.३ | गाउँपालिकाको लोगो/निशान छाप निर्माण सम्बन्धमा। |
| निर्णय नं.३ | फाकफोकथुम गाउँपालिकाको आफ्नो पहिचान झल्किने किसिमले गाउँपालिका र अन्तर्गत सरकारी कामकाजमा प्रयोग गर्ने गरी गाउँपालिकाको छुट्टै लोगो निर्माण गर्ने निर्णय गरियो। |

CamScanner

| | |
|---|---|
| | समेटेर लोगो/निशान छाप बनाउन सार्वजनिक रुपमा प्रस्ताव आव्हान गर्ने निर्णय गरियो।<br>१. नेपालको झण्डा र गाउँपालिकाको नक्सा,<br>२. ज्ञानदिलदासको तस्विर,<br>३. कृषि र पशुपंछी विकास झल्किने,<br>४. चिया, अलैंची र अदुवा उत्पादन क्षेत्र, |
| प्रस्ताव नं.४ | सुरक्षित आप्रवासन कार्यक्रम कार्यान्वयन समिति गठन सम्बन्धमा। |
| निर्णय नं.४ | फाकफोकथुम गाउँपालिकामा चालु आ.व.२०८१/८२ देखि सञ्चालन हुने गरी सुरक्षित आप्रवासन कार्यक्रम स्वीकृत भएको छ। सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८१ बमोजिम कार्यक्रम कार्यान्वयन समिति देहाय बमोजिम गठन गर्ने निर्णय गरियो।<br>क. श्री दिपेन्द्र खनाल, अध्यक्ष - अध्यक्ष<br>ख. श्री कल्पना राई, उपाध्यक्ष - सदस्य<br>ग. श्री सिद्धमान आले, सा.वि.समिति संयोजक - सदस्य<br>घ. श्री निर्मल तुमोक, प्रप्रअ - सदस्य<br>ङ. श्री याम बस्नेत, स्वास्थ्य शाखा - सदस्य<br>च. श्री माधव दाहाल, योजना शाखा - सदस्य<br>छ. श्री इन्द्र पोखेल, आप्र शाखा - सदस्य<br>ज. श्री दिपक राई, रोजगार संयोजक - सदस्य सचिव |
| प्रस्ताव नं.५ | करार पदपुर्ति सम्बन्धमा। |
| निर्णय नं.५ | सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन गर्न कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम १ जना मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह सोसरह) र १ जना रिटर्नी स्वयंसेवक नियुक्ति प्रकृया अगाडी बढाउने निर्णय गरियो। |
| प्रस्ताव नं.६ | मध्यकालिन खर्च संरचना निर्माण सम्बन्धमा। |
| निर्णय नं.६ | गाउँपालिकाको आगामी आ.व.२०८२/८३-२०८४/८५ सम्मको लागि गत आ.व.को पुनरावलोकन सहित तीन वर्षे मध्यकालिन खर्च संरचना निर्माण गर्ने निर्णय गरियो। खर्च संरचना निर्माण गर्दा परामर्श सेवा लिनु पर्ने भएमा परामर्श सेवा लिन सकिनेछ। |
| प्रस्ताव नं.७ | संघीय समपुरक र विशेष अनुदानको लागि योजना छनौट र सिफारिस सम्बन्धमा। |
| निर्णय नं.७ | उक्त प्रस्ताव माथि छलफल गर्दा संघीय सरकारबाट उपलब्ध हुने समपुरक र विशेष अनुदानको लागि देहाय बमोजिमको आयोजनाहरु राष्ट्रिय योजना आयोग मार्फत पेश गर्ने निर्णय गरियो।<br><u>समपुरक अनुदानको लागि:</u><br>१. रवि आमचोक सडक स्तरोन्नति (निरन्तरता)<br>२. आमचोक शंकरचोक ठिङगेपुर खाम्बाङ सडक स्तरोन्नति (नयाँ आयोजना)<br>३. फलाटे पसल तिलपुङ वडा कार्यालय सडक स्तरोन्नति (नयाँ आयोजना)<br><u>विशेष अनुदानको लागि:</u><br>१. मुगे खोला ,सिस्ने खोला ,लोखुम्बा नसुवा ,गौडे दोभान खानेपानी आयोजना फेज II (निरन्तरता)<br>२. छरछरे मुहान माल्टेनी खानेपानी आयोजना वडा नं. ५ |

CamScanner

| | |
|---|---|
| | २. आर्थिक विकासका लागि कृषि उपकरण र कृहत गोटसुधार कार्यक्रम |
| प्रस्ताव नं.८ | **प्रदेश समपुरक र विशेष अनुदानको लागि योजना छनौट र सिफारिस सम्बन्धमा।** |
| निर्णय नं.८ | उक्त प्रस्ताव माथि छलफल गर्दा प्रदेश सरकारबाट उपलब्ध हुने समपुरक र विशेष अनुदानको लागि देहाय बमोजिमको आयोजनाहरु राष्ट्रिय योजना आयोग मार्फत पेश गर्ने निर्णय गरियो।<br>**<u>समपुरक अनुदानको लागि:</u>**<br>१. फाकफोकखोला मोटरेबल ट्रस्ट ब्रिज निर्माण (निरन्तरता)<br>२. पसल कोलबोटे सासिन सडक स्तरोन्नति, (नयाँ आयोजना)<br>४. अन्तरे डाँडा जालपा कैजले सडक स्तरोन्नति (नयाँ आयोजना)<br>**<u>विशेष अनुदानको लागि:</u>**<br>१. लक्षित वर्ग उद्यमशिलता विकास कार्यक्रम |
| प्रस्ताव नं.९ | **ट्राक्टर चालक सम्बन्धमा।** |
| निर्णय नं.९ | उक्त प्रस्ताव माथी छलफल गर्दा टयाक्टर चालक श्री अमृत बहादुर कामीले गाउँपालिकाको टयाक्टर मिति २०८१/०९/२१ गते राति अन्दाजी ६ बजे साझ फाकफोकथुम १ पाण्डव धारा नजिक दुर्घटना भएको र प्रहरी रिपोर्टमा मादक पदार्थ सेवन गरेको प्रमाणित भएकोले फेरी सवारी चलाउन दिन जोखिम रहेकोले निजलाई टयाक्टर दुर्घटना सम्बन्धमा लिखित स्पष्टिकरण सोध्ने र मनासिब कारण नदेखिएमा निजसँगको करार भंग गर्ने निर्णय गरियो। |
| प्रस्ताव नं.१० | **वडागत रुपमा योजना सम्झौता शिविर सञ्चालन सम्बन्धमा।** |
| निर्णय नं.१० | उक्त प्रस्ताव माथि छलफल गर्दा चालु आ.व. मा सञ्चालन हुने वडा गत योजनाहरुको उपभोक्ता समिति गठन गर्न यस अघि परिपत्र गरिएकोमा आगामी माघ ११ गते देखि वडा नं. ३ बाट क्रमश उपभोक्ता समूह अभिमुखिकरण सहित योजना सम्झौता शिविर सञ्चालन गर्ने निर्णय गरियो। |
| प्रस्ताव नं.११ | **खानेपानी आयोजना सम्पन्न गर्न आवश्यक पाइप खरिद सम्बन्धमा।** |
| निर्णय नं.११ | उक्त प्रस्ताव माथि छलफल गर्दा खानेपानी सम्बन्धी ठेक्का नं. PRM/ILAM/WORKS/SQ/09/080-081 को मुगे खोला सिस्ने खोला लोखुम्बा नसुवा गौडे दोभान खानेपानी आयोजना फेज II अन्तर्गत खानेपानी पाइप ५० मिमिको २६०० मिटर नपुगेको प्राविधिक रिपोर्ट आएकोले वडा नं. ३ को वडाध्यक्ष श्री दिपेन्द्र लिम्बूको संयोजकत्वमा इन्जिनियर र खापासटेको समिति गठन गर्ने र स्थलगत प्रतिवेदन प्राप्त भए पछि थप प्रकृया अगाडी बढाउने मिति २०८१/०९/१७ को बैठकबाट निर्णय गरिएकोमा प्राप्त स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा उक्त आयोजनामा नपुग ५० MM को पाइप गाउँपालिकाबाट तत्काल खरिद गरी उक्त आयोजनामा उपलब्ध गराउने निर्णय गरियो। |
| प्रस्ताव नं.१२ | **मेन्टर शिक्षकहरुको खर्च प्रस्ताव स्वीकृत सम्बन्धमा।** |
| निर्णयः नं.१२ | उक्त प्रस्ताव माथि छलफल गर्दा चालु आ.व. मा शिक्षा तर्फको सशर्त कार्यक्रममा स्वीकृत नव प्रवेशी शिक्षकहरुलाई मेन्टरिङ कार्यक्रममा खटाइएका मेन्टर शिक्षकहरुले खर्च गर्न पाउने प्रति मेन्टर रु ५० हजारलाई देहाय बमोजिम खर्च गर्न पाउने गरी खर्च प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

CamScanner

| | |
|---|---|
| | १. इन्धन खर्च रु. २७००० <br> २. खाना खाजा खर्च रु. १६००० <br> ३. स्टेशनरी खर्च रु. २००० <br> ४. प्रतिवेदन लेखन (फोटोकपी सहित) रु. ५००० <br> माथि उल्लेखित खर्च मेन्टरिङ कार्यक्रम सकेपछि कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोके बमोजिमको कार्य सम्पन्न प्रतिवेदनको आधारमा मात्र भूक्तानी गर्ने समेत निर्णय गरियो। |
| प्रस्ताव नं.१३ | **कार्यपालिका सदस्य चन्द्र कुमारी श्रेष्ठको सेवा सुविधा सम्बन्धमा।** |
| निर्णयः नं.१३ | उक्त प्रस्ताव माथि छलफल गर्दा वडा नं. ६ का वडा सदस्य एवं गाउँकार्यपालिकाका सदस्य श्री चन्द्र कुमारी श्रेष्ठ विगत लामो समय देखि गाउँकार्यपालिकाको बैठकमा अनुपस्थित रहेको र पटक पटक ताकेता गर्दा समेत कार्यपालिका बैठकमा उपस्थित नभएकोले कार्यपालिका बैठकमा उपस्थित नभएसम्म कार्यपालिका सदस्यको रुपमा भुक्तानी भइरहेको सेवा सुविधा रोक्का गर्ने निर्णय गरियो। |
| प्रस्ताव नं.१४ | **शुक्रबारे बजारको नाली व्यवस्थापन सम्बन्धमा।** |
| निर्णयः नं.१४ | उक्त प्रस्ताव माथि छलफल गर्दा शुक्रबारे बजारको नाली निर्माण कार्य भइरहेकोमा उक्त नाली निकास सम्म नपुगेकोले उक्त नाली निर्माण कार्यलाई यमुनाको होटेल देखि स्वास्थ्य चौकी हुदै वडा कार्यालयको पछाडीको खोल्सी सम्म यसै आर्थिक वर्षभित्र नाली विस्तार गरी ढल निकासको व्यवस्था गरिदिनु हुन सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो। |
| प्रस्ताव नं.१५ | **फाकफोकथुम स्काउट सहभागि सम्बन्धमा।** |
| निर्णयः नं.१५ | उक्त प्रस्ताव माथि छलफल गर्दा प्रदेश स्काउटले आयोजना गर्ने प्रादेशिक ज्याबोरेट कार्यक्रममा सहभागि हुन यस गाउँपालिकाको स्काउट समन्वय समितिलाई सवारी भाडा तथा इन्ट्रि शूल्क बापत रु. १,००,०००।- उपलब्ध गराउने निर्णय गरियो। |

CamScanner